**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं. २७५**

**पुनरावेदन नं. ०७७-RB-००३८**

**पुनरावेदन दर्ता मितिः-२०७७।०४।२३**

**मुद्दाः– आयकर (२०७१/०७२) ।**

| | |
|---|---|
| का.जि.का.म.न.पा.वडा नं.२ गैह्रिधारा स्थित सनराईज बैंक लि.(साविक नारायणी नेशनल फाइनान्स कम्पनी लिमिटेड) को तर्फबाट अख्तियार प्राप्त ऐ.बैंकका प्रमुख कार्यकारी अधिकृत वर्ष ५५ को जनक शर्मा पौडेल......................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर..................................... १<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाडौ..........................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः  प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कार्यालयको निर्णय मितिः–२०७६।०२।२३

## प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग
निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री बिनोद बहादुर कुँवर
निर्णय मितिः २०७६।१२।१०

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री प्रकाश रेग्मी
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः ×**

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।१२।१० मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र आयकर ऐन २०५८ को दफा ११६(१) बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भै पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छ ।

### तथ्य खण्ड

१. करदाता सनराईज बैंक लि. (साविक नारायणी नेशनल फाइनान्स कम्पनी लिमिटेड) ले आ.व. २०७१/०७२ को लागि आयकर ऐन, (सं.स.) २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार रू. ७४,९१,११५।- (चौहत्तर लाख एकानब्बे हजार एक सय पन्ध्र) कायम गरी ठूला करदाता कार्यालय, ललितपुरमा मिति २०७२/०९/२९ मा विवरण पेश गरेको ।

२. करदाताको आ.व. २०७१।०७२ को आय विवरण साथ पेश भएका संलग्न कागजातको अध्ययन, छानविन तथा हिसाब किताब छानबिन गरी पेश हुन आएको प्रतिवेदन समेतका आधारमा आयकर ऐन, २०५८ बमोजिम आयमा समावेश गर्नुपर्ने आय समावेश नगरेको तथा कट्टी गर्न नपाइने खर्च दावी भएको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७६।०२।०७ मा सुचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६।०२।०७ मा जारी भएको सूचना करदाताले मिति २०७६।०२।०९ मा बुझी लिई सोको लिखित जवाफ मिति २०७६।०२।१७ मा पेश गरेको ।

४. करदाताको आ.व. २०७१/०७२ को लागि रू.२५,१०,९८,९७५।०१(पच्चीस करोड दश लाख अन्ठानब्बे हजार नौ सय पचहत्तर रुपैया एक पैसा) आय कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ को संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७६।०२।२३ मा गरेको निर्णय।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७६।०२।२७ मा जारी गरेको आ.व. २०७१/०७२ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी करदाता सनराईज बैंक लि.(साविक नारायणी नेशनल फाइनान्स कम्पनी लिमिटेड) ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६।०३।२२ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. करदाताले प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा जम्मा गरेको चन्दा खर्च अमान्य गरेको सम्बन्धमा आयकर ऐन, २०५८ को दफा २१(१)(च) र सोही ऐनको दफा १२०(क) बमोजिम उक्त खर्च कट्टी नपाउने गरी गरेको शुरु कार्यालयको निर्णय कानून सम्मत नै देखिएकोले निवेदकको जिकिर नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।१२।१० मा भएको निर्णय ।

७. करदाताले प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा योगदान गरेको रकम एंव अन्य सामाजिक संस्थाहरुलाई चन्दा स्वरुप उपलब्ध गराइएका रकमहरु आयकर ऐन, २०५८ को दफा १२ख.बमोजिम दावी गरेको रकम खर्च कट्टी गर्न नपाउने र बैंकले आफ्नो वार्षिक आय विवरण एंव सो मुताविक दाखिल गरेको रकम भन्दा बढी रकम कर दाखिला गरेको अवस्थामा गैर कानूनी रुपमा अनावश्यक शुल्क, लगाउने गरी सोही ऐनको दफा १२०(क) बमोजिम गरी शुल्क लगाउने गरी ठूला करदाता कार्यालय ललितपुरबाट भएको संशोधित कर निर्धारण आदेश र सोलाई सर्मथन गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय बदर गरी पाउँ भन्ने समेत वेहोराको करदाताको तर्फबाट मिति २०७७।०४।२३ मा यस न्यायाधिकरणमा दायर गरेको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७।०९।२४ मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाताका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री प्रकाश रेग्मीले प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा चन्दा दिएको रकम खर्च कट्टी पाउनु पर्नेमा अमान्य गरी गरेको संशोधित कर निर्धारणको आदेश मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरु कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश र सो निर्णयलाई सदर गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानून सम्मत नै रहेको देखिंदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१०. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठूला करदाता कार्यालय ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश तथा सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

११. निर्णय तर्फ विचार गर्दा, करदाताको पहिलो पुनरावेदन जिकिर प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा जम्मा गरेको रकमको खर्च कट्टी पाउनु पर्ने भन्ने रहेकोले सो सम्बन्धमा हेर्दा, पुनरावेदक करदाताले आ.व. २०७१।०७२ को वित्तीय विवरणको चन्दा खर्च शीर्षक भनी रु.११,००,०००।— संस्थागत सामाजिक उत्तरदायित्व निर्वाह गर्ने अन्तर्गतको खर्च रहेकोले ऐनको दफा १३ बमोजिम खर्च कट्टी माग गरेको देखिन्छ। पुनरावेदक करदाताले २०७२ सालको वैशाख १२ मा आएको विनासकारी भूकम्पको कारण सहयोग स्वरुप प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा आ.व.२०७१।०७२ मा नै रु.११,००,०००।- दाखिला गरेको देखिन्छ। तत्कालिन आर्थिक ऐन, २०७२ ले आयकर ऐन, २०५८ मा थप गरेको दफा १२ख. मा "कुनै व्यक्तिले कुनै आय बर्षमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र नेपाल सरकारले स्थापना गरेको पुनर्निर्माण कोषमा योगदान गरेको रकम सो बर्षको करयोग्य आय गणना गर्दा घटाउन सक्नेछ" भन्ने व्यवस्था रहेको देखिन्छ। आर्थिक ऐन, २०७२ ले थप गरेको उक्त दफा १२ को व्यवस्था आ.व. २०७२।०७३ बाट मात्र लागू हुने हुँदा आर्थिक ऐन, २०७२ ले थप गरेको व्यवस्था प्रारम्भ हुनुभन्दा अघि नै करदाताले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा आ.व.२०७१।०७२ मा दाखिला गरेको रकममा खर्च कट्टी दिन

कानूनतः मिल्ने नदेखिएकोले ठूला करदाताबाट कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेश तथा उक्त आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय कानूनसम्मत रहेको हुँदा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्ने देखिएन।

१२. करदाताको अन्तिम पुनरावेदन जिकिर आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क निर्धारणका सम्बन्धमा रहेको देखिन्छ। करदाताले कानून बमोजिम आय विवरण पेश गरेको अवस्थामा ठूला करदाता कार्यालयले गैरकानूनी तवरले व्याख्या गरी कर निर्धारणको क्रममा बैंकलाई आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको शुल्क समेत निर्धारण गर्ने गरी भएको निर्णय कानून सम्मत नरहेको हुँदा खारेज गर्नुपर्दछ भन्ने करदाताको पुनरावेदन जिकिर रहेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा ऐनको दफा १२० मा *"कुनै व्यक्तिले कुनै कुराका सम्बन्धमा विभागमा झुठ्ठा वा भ्रमपूर्ण विवरण दिएमा वा दाखिला गर्नुपर्ने कुनै कुरा वा वस्तुको जानकारी नदिई वा सो विवरणबाट हटाई विवरणमा उल्लिखित जानकारी भ्रमपूर्ण हुन गएमा त्यस्तो व्यक्तिलाई देहाय बमोजिमको शुल्क लाग्नेछ"* भन्ने व्यवस्था गर्दै खण्ड (क) मा "जानाजानी वा लापरवाहीपूर्वक गरेको नभई भुलवस झुठ्ठा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको पचास प्रतिशत" भनी उल्लेख गरेको र सोही दफाको खण्ड (ख) मा "जानाजानी वा लापरबाही गरेको कारणले झुट्टा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको एक सय प्रतिशत" भनि स्पष्ट कानूनी व्यवस्था रहेको देखिन्छ।करदाताले आ.व.२०७१।०७२ को आय विवरण पेश गर्दा खर्च कट्टी नपाउने चन्दा रकमलाई खर्च कट्टी गरी आय विवरण पेश गरेको कारण निजको आय विवरण भ्रमपूर्ण हुन पुगेको देखियो। यस्तो अवस्थामा आयकर ऐन, २०५८ को दफा १२० को खण्ड (क) आकर्षित हुने नै देखिँदा ५०% शुल्क निर्धारण गरेको निर्णयलाई अन्यथा भन्न मिलेन।

१३. अतः माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट करदाता साविक नारायणी नेशनल फाइनान्स कम्पनी लिमिटेड (स्थायी लेखा नं. ५०००४८७५७) हाल सनराइज बैंक लिमिटेडको आ.व.२०७१।०७२ को संशोधित कर निर्धारण गरी ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७६।०२।२३ मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।१२।१० मा भएको निर्णय समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

## <u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौंलाई दिनू।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरू मिसिल ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः- सनिता लामा
ना.सु. मनिषा अधिकारी
फैसला भएको मितिः-२०७९।१२।१४।३
फैसला प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप